# मानव अधिकार अवस्थाको मासिक विश्लेषण

(मासिक विश्लेषण-चैत, २०७७)[१]

नेपालको पहिलो मानव अधिकार समाचार पोर्टल [inseconline.org](http://inseconline.org) मा ०७७ चैत महिनामा प्रकाशित समाचारका अनुसार विभिन्न घटनामा परी १ सय जना पीडित भए । जसमध्ये लुम्बिनी प्रदेशमा २१ जना र सुदूरपश्चिम प्रदेशमा सात जना पीडित भएका समाचार प्रकाशित भएका छन् । त्यसैगरी बागमती प्रदेशमा २० जना, प्रदेश १ मा १७ जना, प्रदेश २ मा १४ जना, गण्डकी प्रदेशमा १३ जना र कर्णाली प्रदेशमा आठ जना पीडित भएका समाचार प्रकाशित छन् । प्रकाशति समाचार अनुसार १९ जना पुरुष र ८१ जना महिला पीडित भएका छन् । ०७७ चैत महिनामा इन्सेक अनलाइनमा प्रकाशित समाचारमा औषधिको अभावका समाचार तथा शिक्षाको अधिकारबाट वञ्चित भएका समाचार प्रकाशित भए । आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी समाचारमा प्रवृत्ति देखाउन सकिएपनि सङ्ख्या उल्लेख गर्न कठिन हुने हुँदा त्यस्ता घटनालाई तथ्याङ्कमा समावेश गरिएको छैन ।

| प्रदेश | पीडितको सङ्ख्या | | |
|---|---|---|---|
| | पुरुष | महिला | कूल जम्मा |
| १ | ३ | १४ | १७ |
| २ | ७ | ७ | १४ |
| कर्णाली | १ | ७ | ८ |
| गण्डकी | ३ | १० | १३ |
| बागमती | ३ | १७ | २० |
| लुम्बिनी | | २१ | २१ |
| सुदूरपश्चिम | २ | ५ | ७ |
| **कूल जम्मा** | **१९** | **८१** | **१००** |

इन्सेकले प्रकाशन गरेको समाचारमा आधारित तथ्याङ्क अनुसार चैत महिनामा एक जनालाई गिरफ्तार गरिएको छ भने एक जना महिलासहित नौ जनालाई कुटपिट गरिएको उल्लेख छ । त्यसैगरी गोलीबाट दुई जना, प्रहरीले कुटपिट गरेर दुई जना सहित पाँच जना घाइते भएका थिए । एक जना नवजात शिशु, परिवारजनबाट नौ जना, बलात्कारपछि एक जना र यौन दुर्व्यवहार पछि एक जनाको हत्यासहित १२ जनाको हत्या गरिएका समाचार प्रकाशित गरिएको छ ।




यही अवधिमा धनकुटा जिल्लामा सञ्चालित रेडियो मकालुमा कार्यरत कर्मचारी तथा पत्रकारहरूले पारिश्रमिक नपाएको भन्दै रेडियो प्रशासन समक्ष चैत ६ गते सामूहिक राजीनामा दिएका छन् । आर्थिक वर्ष २०७६-७७ देखि पारिश्रमिक नपाएको भन्दै रेडियोमा कार्यरत सात जना कर्मचारी तथा पत्रकारहरूले सामूहिक राजीनामा दिएको रेडियोका कर्मचारी सन्तोष सुवेदीले बताउनु भयो । पीडित पत्रकार तथा रेडियोमा कार्यरत कर्मचारीले

---

[१] इन्सेकले विगत २९ वर्षदेखि नेपालको मानव अधिकार अवस्थाबारे अभिलेख गर्नुका साथै यसको प्रसार गरिरहेको छ । देशका ७७ जिल्लामा रहेका इन्सेकका जिल्ला प्रतिनिधिमार्फत इन्सेकले मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाको अभिलेख गर्ने गरिन्छ । यसैगरी, मानव अधिकार अवस्थाको दैनिक अभिलेख तथा प्रसार गर्ने उद्देश्यले इन्सेकले [www.inseconline.org](http://www.inseconline.org) मार्फत हरेक दिन नेपालको मानव अधिकार अवस्थासम्बन्धी समाचार प्रकाशन गर्दै आएको छ । यो मासिक विश्लेषण इन्सेकअनलाइनमा प्रकाशित समाचारहरूको आधारमा तयार पारिएको हो । इन्सेकले अघिल्लो महिनाको मानव अधिकार अवस्थालाई समेटेर हरेक महिनाको ७ गतेभित्र मासिक प्रतिवेदन प्रकाशन गर्दै आएको छ ।

मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूका आधारमा मानव अधिकार अवस्थाको सार्वजनिकीकरण गरी सरोकारवाला निकायलाई जवाफदेही बनाउने, पीडितलाई न्याय र पीडकलाई कानुन अनुसार कारबाहीका लागि पैरवी गर्ने र मानव अधिकार अवस्थाका बारेमा जान्न चाहनेहरूका लागि यो मासिक विश्लेषण उपयोगी हुने हामीले अपेक्षा गरेका छौं ।

चैत ६ गते पत्रकार सम्मेलन गरी पारिश्रमिक माग गर्दै सामूहिक राजीनामा दिएका हुन् । रेडियो व्यवस्थापन पक्षले राजीनामा दिन बाध्य पारेको र कोभिडको कारण देखाउँदै पारिश्रमिक सहमति बिना नै कटौती गरेको सुवेदीले बताउनु भयो । व्यवस्थापन पक्ष र पीडित पक्षबिच ०७७ फागुन ११ गते भएको छलफलमा कोभिडको कारण देखाउदै रेडियो राम्रोसँग सञ्चालन गर्न नसकेको र रेडियोमा आर्थिक संकट उत्पन्न भएकाले व्यवस्थापन पक्षले ०७८ वैशाख १ गतेदेखि पारिश्रमिक उपलब्ध गराउन नसकिने भन्दै विकल्प खोज्न बाध्य पारिएको रेडियोको विज्ञापन शाखा प्रमुख प्रेमा मादेम्बाले बताउनु भयो ।

व्यवस्थापन पक्षले एकतर्फी रुपमा जागिरबाट निकाल्न खोजेको र पाकेको तलब समेत नदिएकाले वातावरण नभएकाले सामूहिक राजीनामा दिएको मादेम्बाले पत्रकार सम्मेलनमा बताउनु भयो । पारिश्रमिक उपलब्ध गराउनु पर्ने माग राखेर रेडियो सञ्चालक समितिका अध्यक्ष शोविस चेम्जोङ, स्टेशन म्यानेजर सन्तोष रुचाललाई ज्ञापन पत्र बुझाइएको पीडित कर्मचारीले पत्रकार सम्मेलनमा बताएका छन् । सामूहिक राजीनामा दिने कर्मचारीहरूमा समाचार शाखाका चाँदनी राई र विमला रायमाझी, विज्ञापन शाखाकी प्रेमा मादेम्वा, कार्यक्रम शाखाका माया राउत र लक्ष्मी राई र प्राविधिक शाखा सन्तोष सुवेदी र राजकुमार राई रहनु भएको छ । कर्मचारीको राजीनामाको विषयमा रेडियो मकालुका सञ्चालन समितिका अध्यक्ष शोविस चेम्जोङ्गले कोरोना महामारीको चपेटाका कारण रेडियोमा आर्थिक समस्या भएको र त्यसैले कर्मचारीहरूलाई राखेरै मासिक रुपमा तलब दिन नसकिने र आगामी वैशाखदेखि आंशिक रुपमा मात्र काम दिन सकिने सहमति भएको बताउनु भयो । अध्यक्ष चेम्जोङ्गले कोरोनाका कारण रेडियोमा पाँच महिना जति आर्थिक सङ्कट भएको र त्यसैको आधारमा सबैसँग बसेर यस अवधिको सहयोग स्वरुप गणना गरिने भन्ने अनौपचारिक सहमति भएको बताउनु भयो । रेडियोका स्टेशन म्यानेजर सन्तोष रुचालले सौहार्दपूर्ण वातावरणमा सबैसँग छलफल भएको तर के कारणले उहाँहरूले राजीनामा दिनुभयो सो विषयमा आफूलाई थाहा नभएको बताउनु भएको छ ।[2]




*२०७८ वैशाख ७ गते*

इमेलः inseconline@insec.org.np
वेबसाइटः www.inseconline.org, www.insec.org.np

[2] http://inseconline.org/np/news/पारिश्रमिक-नपाएको-भन्दै-2/